**बैठक संख्या : २५ मिति : २०८०/१२/१४, बुधवार समय : बिहान ११:०० बजे**

**<u>निर्णय</u>**

१. समितिको आजको बैठकमा यस समितिको कार्यसूची अन्तर्गत रहेको गृह मन्त्रालयसँग सम्बन्धित समसामयिक विषयमा छलफल कार्यक्रममा उपस्थित माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री, माननीय रक्षा मन्त्री, गृह सचिव, नेपाल प्रहरी महानिरीक्षक एवम् सशस्त्र प्रहरी महानिरीक्षकसँग समितिका माननीय सदस्यहरुले देशको शान्ति सुरक्षा, अमनचयन, सिमा सुरक्षा, हत्या हिंसा नियन्त्रण, सरकारी जग्गा हिनामिना लगायतका समसामयिक विषयमा गृह प्रशासन द्वारा सम्पादन गरिएका कामकारवाहीका सम्बन्धमा जानकारी माग गर्नुभयो।

२. माननीय सदस्यज्यूहरुको जिज्ञासाको जवाफमा गृह प्रशासनले प्रचलित ऐन र कानूनको परिधिभित्र रहि विभिन्न घटनाका सम्बन्धमा गठन भएका समितिहरुले दिएका प्रतिवेदनको कार्यान्वयनका सम्बन्धमा अध्ययन र अनुसन्धान गरिरहेको, ललितपुरको सुनाकोठीमा भएको घटना, सिमा सुरक्षा, महिलाहिंसा लगायतका अन्य हिंस्रक गतिविधिलाई नियन्त्रण गर्दै समाजमा अमनचयन कायम गर्न गृह प्रशासन प्रतिवद्ध रहेको जानकारी प्राप्त भयो।